नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
(उजुरी तथा गुनासो सुनुवाई इकाइ)

पत्र संख्या: उजुरी/२०७९/८०
चलानी नं: ०२

सिंहदरबार, काठमाडौं
मिति: २०७९/०४/०४

विषयः आ.व. २०७८/०७९ को सम्पत्ति विवरण सम्बन्धमा ।

**श्री यस मन्त्रालय मातहत/सम्बद्ध निकायहरू (सबै) ।**

प्रस्तुत विषयमा राष्ट्रिय सतर्कता केन्द्र, सम्पत्ति विवरण तथा अनुगमन शाखाको मिति २०७९/०४/०२ च.नं. ११०००००००३ को पत्र यसैसाथ संलग्न छ । उक्त पत्रको छायाप्रति मन्त्रालयको वेबसाइटमा राखिएको छ ।

उक्त पत्रबाट विस्तृत बेहोरा अवगत गरी आ.व. २०७८/७९ को सम्पत्ति विवरण उल्लिखित राजपत्रबमोजिम भर्ने भराउने व्यवस्थाका लागि अनुरोध छ ।

(टंक बहादुर नेगी)
**शाखा अधिकृत**

बोधार्थ:-
श्री सूचना तथा प्रविधि शाखाः वेबसाइटमा अपलोड गर्नुहुन ।

नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
(सम्पत्ति विवरण तथा अनुगमन शाखा)

फोन नं. :४२००-५४९, ४२००-४१२
हटलाइन : ४२००-३४५
फ्याक्स : ४२००४००
इमेल : nvcsampati@gmail.com
वेवपेज : www.nvc.gov.np

प.सं. : २०७९/८०
च.नं. १ १ ० ० ० ० ० ० ० ३

मिति :- २०७९।०४।०२

विषयः- आ.ब. २०७८/०७९ को सम्पत्ति विबरण सम्बन्धमा ।

श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा "सार्वजनिक पदधारण गरेको व्यक्तिले त्यस्तो पदधारण गरेको मितिले ६० दिन भित्र र त्यसपछि हरेक आर्थिक बर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पतिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्नेछ" भन्ने कानुनी व्यवस्था छ । वि.सं.२०७५ साल असार २० गते नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को प्रस्तुत दफा कार्यान्वयनार्थ निकाय वा अधिकारी तोकेको छ।

प्रस्तुत विषयमा उल्लिखित राजपत्र बमोजिम हरेक आ.व.मा र सुरू नियुक्तिको ६० दिनभित्र सम्पत्ति विवरण पेश गरे/नगरेको सम्बन्धमा तथ्याङ्क सङ्कलन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (३) एवं राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली, २०६५ को नियम ९ र १० बमोजिम आवश्यक कारवाहीका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइने गरिएको व्यहोरा अवगत गर्दै चालु आ.व.मा समेत आ.व.२०७८/७९ को सम्पत्ति विवरण उल्लिखित राजपत्रबमोजिम भर्ने भराउने व्यवस्था गर्नुहुन आदेशानुसार अनुरोध छ । साथै, उल्लिखित राजपत्र (**http://bibaran.nvc.gov.np/sampati bibaran bujhauna tokieka nikaya sambandhi nepal rajpatra.pdf**) बाट हेर्न र डाउनलोड गर्न सकिने व्यहोरा समेत अनुरोध छ।

राजेन्द्रप्रसाद आचार्य
उपसचिव

सम्पत्ति विवरण समय मै बुझाऔं दण्ड जरिवानावाट बचौं ।